# मण्डनदेउपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड ४ | मण्डनदेउपुर, श्रावण २ गते, २०७७ साल | संख्या २


भाग १

मण्डनदेउपुर नगरपालिका

# मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन, २०७७

**मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः२०७७।३।१६

प्रमाणीकरण मितिः २०७७।३।३१

**प्रस्तावनाः**

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२)बमोजिम मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन, २०७७"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७७/०७८ को निमित्त सञ्चिनत कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगर कार्यपालिका , वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च , पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,०५,२९,६६,६६९।० (अक्षरेपी एक अर्ब पाँच करोड उनन्तीस लाख छैसठ्ठी हजार छ सय उनान्सत्तरी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चि,त कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त मण्डनदेउपुरनगरपालिका, काभ्रेपलाञ्चोकको नगर कार्यपालिका ,

वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्नेछ ।

# अनुसूची—१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चिकत कोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ४८००४५७५१। | ५५१६६०९१८। | ०० | १०३१७०६६६९। |
| २ | | वडा समिति | ९६६००००।० | ११६०००००।० | ०० | २१२६००००।० |
| ३ | | विषयगत शाखा | ०० | ०० | ०० | ० |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | ०० | ०० | ०० | ०० |
| ५ | | लगानी (शेयरऋण) | ०० | ०० | ०० | ०० |
| | जम्मा | | ४८९७०५७५१। | ५६३२६०९१८। | ०० | १०५२९६६६६९।० |

आज्ञाले,
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत